

# १३ परमेश्वरको वचन अनुसार जिउनु

*__यस अध्यायका मूल पदहरू:__* फिलिप्पी २:१२-१६, लूका ४:४,८,१०-१२, भजन ३७:७, भजन ४६:१०, भजन ६२:१,२,५ र कलस्सी ३:१६।

*__यस अध्यायको मूल सार पद:__* **"परमेश्वरको वचन सुन्नेमात्र होइन तर त्यस अनुसार पालन गरेर चल्नुपर्छ नत्रभने तिमीहरू आफूले आफैलाई धोका दिइरहेका हुन्छौ" (याकूब १:२२ रूपान्तरित)।**

जतिसुकै रमाइलो मानेर, जोशिलो भएर वा उत्तम तरिका अपनाएर बाइबल अध्ययन गरेपनि यदि हामीले सिके अनुसार चल्ने प्रतिवद्धता वा चाहना देखाएनौं भने त्यो अध्ययनको कुनै अर्थ हुँदैन। हामी स्कूल जान्छौं, कलेज जान्छौं वा कुनै तवरले विद्या सिक्छौं, लेख्न पढ्न जान्छौं तर हामीले सिकेका कुरा वा पाएको विद्या अनुसार हामी चलेनौं भने हामीले सिकेका शिक्षादीक्षा केही काम लाग्दैन। त्यसरी नै जतिसुकै बाइबल पढेपनि वा सुनेपनि यदि त्यस अनुसार चल्न राजी भएनौ वा व्यवहारमा लागु गरेनौं भने हामीले गरेको इसाई हुँ भन्ने दावी नै सबैको सामु हाँसोको विषय हुनसक्छ वा बेकारको हुन्छ। यदि हामी सिके अनुसार चल्न राजी भयौं भने परमेश्वरले उहाँको वचनको ठूलो खजाना वा धन हाम्रो निम्ति स्वर्गबाट खोलिदिनुहुनेछ। तर वचनमात्र सुन्ने तर त्यस अनुसार नचल्ने हो भने परमेश्वरबाट हामीले पाउने आशिषका ढोकाहरू हामीले नै बन्द गरिरहेका हुन्छौं (बाइबल कण्ठ गरेर स्वर्गको अनुभूति गर्न पाइने भए सबभन्दा पहिले मोबाइलले त्यो अअनुभूति गर्थ्यो किनभने कतिपय मोबाइलमा बाइबल भरिएको हुन्छ-अनुवादकको व्यङग्य)। तर परमेश्वरको वचन जाने सुने अनुसार चल्यौं भने हाम्रो जीवन नै परिवर्तन हुनेछ, हामीमा जोश जाँगर आउनेछ र समझशक्ति र ज्ञान विकसित हुनेछ। यदि हामीले जाने अनुसार परमेश्वरको वचनमा एकवद्ध भएर चलेनौं भने हाम्रो आत्मिक विकास

कहिल्यै हुँदैन र जहिले पनि आत्मिकरूपमा पछि नै हुनेछौं। जब हामी ईसाइ हौं भनेर अरूलाई भन्छौं वा येशूको बारेमा अरूलाई सुनाउँछौं तर हामी नै वचन अनुसार चलेनौ वा हाम्रो जीवनको तालमेल मिलेन भने हाम्रो इसाई हौं भन्ने दावी र सुसमाचार सुनाउने काममा कमजोरी देखा पर्छ र पावलको हिब्रू ६:६को अनुसार येशूलाई ताजारूपमा हामीले नै क्रुसमा चढाइरहेका हुन्छौं। हाम्रो जीवन वचन अनुसार चल्नुपर्दछ।

परमेश्वरको वचन अनुसार र वचनले चित्रण गरे अनुसार चल्यौं भने हामी अनुग्रही, बुद्धी र ज्ञानमा बढ्दै जानेछौं। परमेश्वरको वचन अनुसार जिउनु भनेको के हो भनेर हेर्न चाहन्छौं भने त्यसको उत्कृष्ट वा अति उत्तम उदाहरण वा नमूना येशू ख्रीष्ट नै हुनुहुन्छ। हामीले कुन ढाँचा वा जिवनशैली अपनाएर चल्नुपर्छ भनेर उहाँले हामीलाई देखाउनुभएको छ। परमेश्वरको इच्छा अनुसार उहाँको वचनमा तालमेल हुनेगरी येशूले आफ्नो जीवन बिताउनुभएको थियो।

परमेश्वरको वचन अनुसार कसरी जीवन बिताउने र उहाँकै ईश्वरीय छत्रछायाँ वा अधिकारमा हामी कसरी चल्ने भनेर यस पुस्तकको अन्तिम अध्यायले औंल्याउने प्रयास गर्नेछ।

## १. परमेश्वरको जीवित वचन र पवित्र आत्मा

परमेश्वरको वचन लगनशील भएर वा होसियारीसाथ पढ्ने सही तरिका अपनाउन जरुरी छ। हामीले जे सिक्यौं त्यही अनुसार चल्नु पनि उत्तिक्कै महत्वपूर्ण छ। बाइबल अध्ययनको ठूलो लक्ष्य भनेकै बाइबलको ठूलो वा भव्य ज्ञान आर्जन गर्नु वा सिक्नुमात्र होइन, हुनत यो ज्ञान प्राप्त गर्नु आवश्यक छ। बाइबल कण्ठ गरेर त्यसमा भएका ज्ञानको पारख गर्नु वा बाइबलको अत्यन्तै जान्ने विद्वान मात्र हुने हाम्रो ठूलो लक्ष्य होइन तर जानेको कुराले हाम्रो जीवन परिवर्तन गराउनु हो र हाम्रो सोचबिचार र मनस्थितिमा परिवर्तन ल्याउनु हो। यही नै बाइबल अध्ययनको मूल उद्देश्य पनि हो। हामीले सिकेको सत्य अनुसार जिउन राजी हुनु भनेकै बाइबलले देखाएको सत्य अनुसार चल्न हामी समर्पित हुनु हो। परमेश्वरको वचन अनुसार चल्ने हाम्रो निर्णयले कतिपय समयमा ठूलो संघर्ष गर्नुपर्ने हुनसक्छ किनभने हाम्रो दिमागमा, जीवनमा र सोचमा कसले नियन्त्रण गर्ने भन्ने शक्तिहरूसँग हामी हरदम लडाईं गरिरहेका हुन्छौं। मानिसले जे भनेपनि अन्तमा केवल दुई शक्तिहरूमात्र छन् र कसको पक्षमा हामी उभिने वा उभिरहेका छौं त्यो कुरा गहन विषय हो।

हामीले कसरी जिउने भनेर फिलिप्पी २:१२-१६ले कसरी बताउँदछ? हेर्नुहोस्, **"१२ यसकारण मेरा प्रिय हो, जसरी तिमीहरूले सधैं आज्ञापालन गरेका छौ, मेरो उपस्थितिमा मात्र गरेजस्तो होइन, तर अब झन् बढ़ी मेरो अनुपस्थितिमा डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर। १३ किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ। १४ गनगन अथवा वाद-विवाद नगरी सबै काम गर्दैजाओ, १५ कि तिमीहरूचाहिँ निर्दोष र सुधा भएर टेढ़ा र बरालिएका पुस्ताको बीचमा परमेश्वरका निष्खोट सन्तान होओ, जुन पुस्ताको बीच संसारमा तिमीहरू ताराहरूझैं चम्कन्छौ। १६ जीवनको वचन दह्रिलो गरी पक्रिराख, ताकि म व्यर्थमा दगुरिनँ, र मैले व्यर्थमा परिश्रम गरिनँ भनी ख्रीष्टको दिनमा म गर्व गर्न सकूँ।"**

हामीले आफ्नै प्रयासमा जतिसुकै असल हुन्छौं भनेर दावी गरेतापनि यथार्थमा परमेश्वरले नै हाम्रो जीवनमा काम गरिरहनुभएको हुन्छ। तर उहाँ पवित्र आत्माद्वारा हामीमा काम गर्नुहुन्छ। पवित्र आत्माले मात्र पवित्र धर्मशास्त्र बुझ्न ज्ञानबुद्धि दिनुहुन्छ। हामी मानिस पापी भएको कारणले हाम्रो स्वभाव प्रायजसो परमेश्वरको सत्य विपरीत चल्न खोज्छ। हामी हाम्रै व्यक्तिगत निर्णय अनुसार चल्न चाहन्छौं। हाम्रो अहंमले गर्दा परमेश्वरको वचन अनुसार नचल्न हामी हठी बन्छौ (रोमी १:२५, एफिसी ४:१७,१८)। पवित्र आत्माको सहयोग बिना परमेश्वरको सन्देशप्रति हाम्रो मोह हुदैन। हामीमा कुनै अर्थपूर्ण आशा, भरोसा सत्य र प्रेम हुँदैन। जतिसुकै बाइबल पढेपनि त्यसलाई प्रभाव पार्न नदिदा हामी जहिले पनि खस्किरहेको अनुभव गर्दछौं। पवित्र आत्मामार्फत नै हाम्रो जीवनमा उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर हामीहरूमा काम गर्नुहुन्छ।" (फिलिप्पी २:१३)।

पवित्र आत्मा हाम्रो असली गुरु हुनुहुन्छ। परमेश्वरको वचनको गहिराइमा पुऱ्याउन र उहाँको वचनमा आनन्दसाथ खुशी मनाउँदै सराहना गराउन पवित्र आत्मा उत्सुक हुनुहुन्छ। उहाँ बाइबलको भित्री ज्ञान सिकाउन चाहनुहुन्छ। परमेश्वरको वचनमा भएको सत्यलाई उहाँले नै हाम्रो ध्यान लगाउन खोज्नुहुन्छ र आत्मज्ञान सत्यहरूद्वारा हाम्रो हृदयलाई ताजा राख्नुहुन्छ। हाम्रो जीवन परमेश्वरको इच्छामा प्रेमपूर्वक र विश्वाससाथ समर्पित भएर चलोस् भन्ने पवित्र आत्माको चाहना हो। हाम्रो जीवनलाई हामी

उहाँको विश्वासी भक्त हौं भनेर देखाउन र परिचालन गर्न पवित्र आत्माकै सक्रियता हुन्छ। "पवित्र आत्माको सहयोग बिना कसैले पनि बाइबलको व्याख्या गर्न सक्दैन। तर जब तपाईं नम्र र सिकारु भएर परमेश्वरको वचन पढ्नुहुन्छ भने परमेश्वरको स्वर्गदूतहरू तपाईंको साथमा हुनेछन् र बाइबलमा भएका सत्यहरूको प्रमाणद्वारा तपाईंको हृदयलाई प्रभाव पार्नेछ।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेज,* बुक १, पृ. ४११बाट रूपान्तरित। यसरी आत्मिक ज्ञानहरूको आत्मिकतरिकाले नै व्याख्या हुन्छ (१ कोरन्थी २:१३,१४)। अनि हरेक बिहान परमेश्वरको वचन आनन्दसाथ पछ्याउन सक्ने हुनेछौं (यशैया ५०:४,५)।

**जीवनको वचनलाई पक्रेर राख्नुपर्छ भनेर फिलिप्पी २:१६ले बताउँछ। त्यसको अर्थ के होला? परमेश्वरको वचनलाई हामीले कसरी पक्रेर राख्ने? देहायका केही पदहरूले त्यसको जवाफ केही हदसम् दिन्छ। हेर्नुहोस् "४ तर परमप्रभु तिमीहरूका परमेश्वरसित लागिरहने तिमीहरूमध्येको प्रत्येक आजसम्म जीवित छ।" (व्यवस्था ४:४) र "४ हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ५ तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर। ६ मैले आज तिमीहरूलाई सुनाएका आज्ञाहरू आफ्नो मनमा राख। ७ ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ। घरमा बस्दा, बाटोमा हिंड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर। ८ ती आफ्ना हातमा चिन्हको लागि कसिराख। ती तिमीहरूको निधारमा बाँधिराख। ९ ती आफ्ना घरका द्वारको चौकोस र मूल ढोकाहरूमा लेख।" (व्यवस्था ६:४-९)।**

## २. येशूबाट सिक्ने

हाम्रो जीवन येशू ख्रीष्टको अनुकरणीय उदाहरण अनुसार चल्नु जस्तो प्रेरणादायी र उत्तम काम अरू केही पनि छैन। उहाँलाई धर्मशास्त्र राम्रैसँग थाहा थियो। परमेश्वरको लेखिएको वचन अनुसार चल्न र त्यसैलाई पक्रिराख्ने येशूले सधैं चाहना गर्नुभएको थियो।

**शैतानसँग मुकाविला गर्न येशूले धर्मशास्त्र बाइबललाई नै प्रयोग गर्नुभएको थियो। त्यस समय केवल पुरानो करारमात्रै थियो। जीवनमा अनेकौं परिस्थिति र परीक्षाहरूको सामना गर्नुपर्दा धर्मशास्त्र बाइबल नै हाम्रो आस्थाको केन्द्रविन्दु हुनुपर्छ। हेर्नुहोस् येशूले शैतानसँग कसरी मुकाविला गर्नुभयो भनेर देहायका पदहरूः लूका ४:१-१२ "१ येशू पवित्र आत्माले परिपूर्ण भएर**

यर्दनबाट फर्कनुभयो, र आत्माले उहाँलाई उजाड-स्थानमा लैजानुभयो २ र चालीस दिनसम्म उजाड-स्थानमा दियाबलसबाट उहाँ परीक्षित हुनुभयो। ती दिनमा उहाँले केही खानुभएन, र चालीस दिन समाप्त भएपछि उहाँ भोकाउनुभयो। ३ तब दियाबलसले उहाँलाई भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यस ढुङ्गालाई आज्ञा गर्नुहोस्, र त्यो रोटी बनोस्।" ४ येशूले त्यसलाई जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र जीवित रहँदैन'।" ५ त्यसले उहाँलाई एउटा उच्च स्थानमा लगेर एकै क्षणमा जगत्का सबै राज्यहरू देखायो। ६ दियाबलसले उहाँलाई भन्यो, "म यो सारा अधिकार र यिनको गौरव तपाईंलाई दिनेछु, किनभने यी सबै मलाई सुम्पिएका छन्, र म जसलाई इच्छा गर्दछु, त्यसलाई दिँदछु। ७ तपाईंले मलाई दण्डवत् गर्नुभयो भने यी सबै तपाईंका हुनेछन्।" ८ येशूले त्यसलाई जवाफ दिनुभयो, "लेखिएको छ, 'तैंले परमप्रभु, आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू'।" ९ तब त्यसले उहाँलाई यरूशलेममा लगेर मन्दिरको टुप्पामा राख्यो, र उहाँलाई भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यहाँबाट हामफाल्नुहोस्। १० किनभने लेखिएको छ, 'उहाँले तिम्रो रक्षा गर्न आफ्ना स्वर्गदूतहरूलाई आज्ञा गर्नुहुनेछ,' ११ र 'तिनीहरूले तिमीलाई हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछ'।" १२ येशूले त्यसलाई जवाफ दिनुभयो, "यसो भनिएको छ, 'तैंले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू'।"

येशू धर्मशास्त्र बाइबलसँग परिचित हुनुहुन्थ्यो। परमेश्वरको वचन उहाँको मनमा यसरी सजिएको थियो कि उहाँले हृदयदेखि नै उदधृत गर्न सक्नुहुन्थ्यो। उहाँले आफ्नो अमूल्य समय परमेश्वरकै वचन अध्ययन गरेर बिताउनुभएको कारण त्यसमा के लेखिएको थियो सो उहाँलाई थाहा थियो।

यदि कुन सन्दर्भमा र कहाँ ती पदहरू ठीकसँग लेखिएका थिए भन्नेकुरा उहाँलाई थाहा नभएको भए शैतानले उहाँलाई सजिलैसँग धरापमा पार्न सक्थ्यो। यो विषय रोचक छ कि शैतानलाई पनि धर्मशास्त्र बाइबल राम्रैसँग थाहा थियो र उसले धोका दिने उदेश्यले त्यसलाई बङ्ग्याएर उतार्न सक्थ्यो। बाइबल कण्ठ गर्नु वा बाइबलबाट उतारेर आफ्नो भनाइ प्रस्तुत गर्नु मात्रै ठूलोकुरा होइन किनभने शैतानले पनि त्यही गरेको थियो। विषयवस्तुसँगै त्यसको ठीक अर्थ पनि जान्नु आवश्यक छ। प्रभु येशूलेझैं हामी पनि बाइबलसँग राम्ररी परिचित भयौं भनेमात्र शैतानले हामीलाई मूर्ख बनाउन सक्दैन वा धोका दिन सक्दैन। हृदयभित्र बाइबललाई सजाएर राखियो भनेमात्र शैतानको

आक्रमणसँग मुकाविला गर्न सकिन्छ। बारम्बार आफ्ना चेलाहरूले धर्मशास्त्र बुझून् भनेर यहाँ "यसरी लेखिएको छ" भनेर तिनीहरूको ध्यान धर्मशास्त्रतिर लगाउनु भएको थियो (लूका २४,४५,४६, मत्ती ११:१०, यूहन्ना ६:४५ आदि)। जसको धर्मशास्त्र पढ्ने बानी हुन्छ उसले त्यसको अर्थ ठीकसँग लगाउन सक्छ भन्ने कुरा येशूलाई थाहा थियो। उहाँले पण्डित वा धर्मगुरुहरूलाई बाइबल नै औँल्याएर सोध्नुहुन्थ्यो "व्यवस्थामा के लेखिएको छ? तिमीहरूले कसरी पढ्यौ?" (लूका १०:२६। धर्मशास्त्र बाइबलमा जे लेखिएको छ त्यसै अनुसार जिउनु नै येशूको निम्ति आदर्श नीति थियो।

परमेश्वरको वचन देहधारी हुनुभयो। (यूहन्ना १:१४) येशूले उहाँलाई पछ्याउनेहरूको ध्यान धर्मशास्त्रतिर यसरी लगाउनुभएको थियो "३७ अब चाड़को पछिल्लो दिन, अर्थात् चाड़को प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। ३८ जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्'।" (यूहन्ना ७:३७-३८)। येशू ख्रीष्ट नै प्रतिज्ञा गरिएको मसीह हुनुहुन्छ भनेर केवल धर्मशास्त्र बाइबललेमात्र ठम्याँउछ। उहाँको हुनुहुन्छ भनेर बताउने धर्मशास्त्र बाइबल नै हो (यूहन्ना ५:३९)। धर्मशास्त्रकै आधारमा चल्न येशू राजी हुनुभएको थियो। धर्मशास्त्र परमेश्वरले आफ्ना भक्तहरूलाई लेख्न लगाउनुभएको थियो। यदि हामी येशूका भक्त हौं भनेर दावी गर्छौं भने उहाँ पवित्र धर्मशास्त्र अनुसार जिउन चाहनु भएको र त्यसलाई मनमा राख्न सक्नुभएको परिप्रेक्ष्यमा के हामीले पनि त्यसै गर्नुपर्दैन र?

**तपाईं आफैले शैतान वा धोका दिने आवाजसँग मुकाविला गर्नुपर्दा तपाईंका लागि धर्मशास्त्र बाइबल उपयोगी भएको अनुभव छ? अर्थात् तपाईं परीक्षामा पर्न लाग्दा के तपाईंले धर्मशास्त्र बाइबल पढ्नु भयो वा त्यसलाई व्यवहारमा उतार्नुभयो ? परीक्षा, प्रलोभन वा फस्न सक्ने सम्भावनाको सामना गर्नुभयो? त्यसको परिणाम के भयो? बाइबलको शक्तिले शैतानको आवाजसँग मुकाविला गरेको अनुभववाट तपाईंले के सिक्नुभयो?**

## ३. के येशू धर्मशास्त्र बाइबलको खिलाफमा चल्नुभएको थियो?

**आफ्नो सम्बन्ध बाइबलसँग कति गाढा वा घनिष्ट थियो भनेर येशूले यूहन्ना ५:४१-४७मा कसरी स्पष्ट गर्नुभएको छ? यसबाट हामी कस्तो सन्देश पाउँछौं? हेर्नुहोस् "४१ "म मानिसहरूबाट महिमा ग्रहण गर्दिनँ, ४२ तर**

**परमेश्वरको प्रेम तिमीहरूमा छैन भनी म जान्दछु। ४३ म आफ्ना पिताको नाउँमा आएको छु, तर तिमीहरू मलाई ग्रहण गर्दैनौ। अर्को कोही आफ्नै नाउँमा आयो भने त्यसलाई ग्रहण गर्नेछौ। ४४ तिमीहरू कसरी विश्वास गर्न सक्छौ, जब कि तिमीहरू आपसमा एक-अर्काबाट सम्मान खोज्दछौ, अनि त्यो सम्मानको खोजी गर्दैनौ, जो एकमात्र परमेश्वरबाट आउँदछ? ४५ "यो नसम्झ, कि म पिताको सामु तिमीहरूलाई दोष लाउनेछु। तिमीहरूलाई दोष लाउने त मोशा छन्, जसमा तिमीहरूले आफ्ना आशा राखेका छौ। ४६ किनभने तिमीहरूले मोशालाई विश्वास गरेका भए मलाई पनि विश्वास गर्नेथियौ, किनकि उनले मेरो विषयमा लेखेका थिए। ४७ तर तिमीहरू उनले लेखेका कुराहरू विश्वास गर्दैनौ भने, मेरा वाणी कसरी विश्वास गर्छौ?"**

येशूले पुरानो करारको ठीक बिपरीत बोलेर आफ्नै वचनहरू थप्नुभएको थियो भनेर कतिपयले दावी गर्छन्। उहाँले आफ्ना वचनहरू पुरानो करारभन्दा माथि राख्नुभएको थियो भनेर पनि तिनीहरू दावी गर्छन्। "तिमीहरूले सुन्यौ...तर म भन्दछु" भनेर येशूले धेरैपल्ट भन्नुभएको कुरा नयाँ करारमा लेखिएको छ (मत्ती ५:४३,४४, मत्ती ५:२१,२२,२७,२८,३३,३४,३८,३९)। जब येशूले डाँडामा दिनुभएको उपदेशमा ती प्रख्यात वचनहरू बोल्नुभयो तब उहाँले पुरानो करारलाई निलम्बन वा खण्डन गर्न खोज्नुभएको थियो। तर कतिपयले उहाँले त्यसो गर्नुभएको भनेर व्याख्या गर्न खोज्दछन्। धर्मशास्त्रको बारेमा त्यसबेलाका चलनचल्ती अनुसार नै उहाँले विभिन्न तरिकाले व्याख्या गर्नुभएको थियो। त्यसबेला सबैले मुखबाटै सुनेका परमेश्वरका नीतिहरूलाई याद दिलाएर सिकाउनुभएको थियो। आफ्नो शत्रुलाई घृणा गर्न परमेश्वरले कहिल्यै पनि आदेश दिनुभएको थिएन न त घृणा गर्नु ठीक थियो भनेर उहाँले भन्नुभएको थियो (मत्ती ५:४३)।

येशूले पुरानो करारलाई खारेज गर्नुभएन न त यसको गरिमालाई घटाउनुभयो। बरू त्यसको ठीक बिपरीत चाहीं गर्नुभयो। उहाँ को हुनुहुन्छ भनेर प्रमाणित गर्ने आधार नै पुरानो करार हो भनेर उहाँले ठम्याउनुभएको थियो। उहाँले पुरानो करारका भनाइहरूलाई नै उतार्दै परमेश्वरको सुरूको योजना के थियो सो औंल्याउनुभएको थियो।

येशूलाई नै आधार बनाएर पुरानो करारका भनाइहरूलाई अवमूल्यन गर्नु वा बाइबलका कुनै भागहरू परमेश्वरको प्रेरणाद्वारा म लेखिएको होइन

भन्ने मनस्थिति एकदम खतरा छ। बाइबलको आलोचना गर्ने यो चलाकीपूर्ण चालबाजी हो। येशूकै नाउँमा मानिसहरूले बाइबललाई उल्टापुल्टा गरेर बाइबलको गरिमालाई पछार्न खोज्छन्। पवित्र धर्मशास्त्र वा तत्कालिन पुरानो करारलाई उहाँले कस्तो आधिकारिक मान्यता दिनुभएको थियो भनेर येशूका धेरै उदाहरणहरूले देखाउँदछ। पुरानो करारप्रति येशू ख्रीष्टको धारणाभन्दा अर्को धारणा हामीलाई किन चाहिन्छ र? उहाँकै वचनले पुरानो करारको गरिमालाई प्रमाणित गर्नुहुन्छ।

धर्मशास्त्रको अधिकारलाई कमजोर बनाउनु वा अवमूल्यन गर्नुको साटो येशुले धर्मशास्त्र भरपर्दो र विश्वासिलो पथप्रदर्शक भएको कुरा जिकिर गर्नुभएको थियो। डाँडामा दिनुभएको उपदेशमा धर्मशास्त्र बाइबल वा त्यसबेलाको पुरानो करारलाई स्पष्टरूपमा उचाल्नुभएको थियोः "व्यवस्था र अगमवक्ताहरूलाई निलम्बन गर्न म आएको भनेर तिमीहरूले नसम्झ। तिनीहरूलाई खारेज गर्न वा निलम्बन गर्न होइन बरू पूरा गर्न म आएको हुँ" (मत्ती ५:१७)। अनि धर्मशास्त्रमा भएका ती आज्ञाहरूको सानोभन्दा सानो कुनै बुँदालाई कसैले तल झार्छ वा अवमूल्यन गरेर सिकाउँछ भने त्यो मानिस स्वर्गको राज्यमा अत्यन्तै सानो कहलाइनेछ (मत्ती ५:१९ रूपान्तरित)।

**हामीले सिकाउने मूल शिक्षादीक्षा आज पनि पुरानै करारमा आधारित छ। जस्तैः उत्पत्ति १,२मा उल्लेख गरिएको सृष्टिको बृतान्तहरू, उत्पत्ति ३मा लेखिएको पापको प्रवेश। येशूभक्तहरूको निम्ति नयाँ करारमा भएका के के निर्णायक शिक्षादीक्षाहरू जुन पुरानो करारमै आधारित भएका छन् र त्यस आधारमा पनि नयाँ करारले झन स्पष्ट पारेको छ भन्न सकिन्छ ।**

## ४. परमेश्वरको वचनसँग शान्तिपूर्वक समय बिताउनु

यस संसारमा हामी बाँचुन्जेल हाम्रो जीवन व्यस्तताले भरिएको हुन्छ, हामी तनाव, कष्ट र भारले लादिएका हुन्छौं। कहिलेकाहीं त हातमुख जोर्न र बाँच्नमात्रै पनि धेरै परिश्रम गर्नु परिरहेको हुन्छ। कतिपय समयमा एक छाक खान पनि संघर्ष गर्नु परिरहेको हुन्छ। अरू समयमा आधारभूत कुराहरू वा गाँस वास कपास हामीमा भएतापनि हामी एक अर्कासँग जोरि खोज्दै धनसम्पि थुपार्न खोज्छौं किनभने मानिसलाई जतिभएपनि पुग्दैन। अर्कोतर्प के कुराले हामीलाई आनन्द, खुशी र सुखी बनाउँछ जसले गर्दा हाम्रो जीवन अर्थमूलक हुन्छ भन्ने कुराको खोजिमा हामी लागिरहन्छौं। धेरै भौतिक सुविधा भयो भने हामी खुशी हुन्छौं भन्ने मनिस्थिति प्राय सबै मानिसहरूको हुन्छ। तर

सोलोमनले उपदेशकको पुस्तकमा हामीलाई सतर्क गराउँछन् कि भौतिक सुविधाले मानिसहरूलाई सधैं सुख र आनन्द दिन्छ भन्ने छैन।

तर जेभएतापनि हाम्रो जीवनमा हामी अत्यन्तै व्यस्त भइरहेका हुन्छौं। अनि अति व्यस्त भएको कारणले हामी सबै थोक गर्न त भ्याउँछौं तर **परमेश्वरसँग समय बिताउने फुर्सदै नहुने परिस्थितिमा हामी रहनसक्छौं। परमेश्वरप्रति हाम्रो आस्था त हुन्छ तर गुणस्तररूपमा प्रार्थना गरेर, बाइबल पढेर परमेश्वरको नजिक आउन भ्याइरहेका हुँदैनौं।** हामी यो पनि बिर्सन्छौं कि हाम्रो जीवनको प्रत्येक पलपलमा फेर्ने सास उहाँकै हातमा छ (दानिएल ५:२३)। **परमेश्वरसँग उचित, लाभप्रद र गुणिलो समय बिताउन हामीलाई अन्य कामकुरोले पन्छाइरहेका हुन्छ।** हाम्रो व्यस्त जीवनलाई केही क्षण भनेपनि जानाजान रोकेर भएपनि हाम्रो मुक्तिदातासँग भेटगर्ने फुर्सद निकाल्न जरूरी छ। यदि उहाँलाई सुन्ने प्रयत्न हामीले गरेनौं भने पवित्र आत्मा हामीसँग कसरी बोल्नुहुन्छ र? तपाईं हामीले परमेश्वरसँग विशेष र शान्त समय बितायौं, उहाँको वचन पढ्यौं अनि प्रार्थनाद्वारा उहाँसँग बातचित गऱ्यौं भने आत्मिक जीवन बिताउन ती कुराले हामीलाई मद्दत गर्नेछ।

**परमेश्वरसँग शान्त वा मौन समय बिताउन आवश्यक छ भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँछ? परमेश्वरसँग पारस्परिक र व्यक्तिगत समय बिताउन किन जरुरी छ? हेर्नुहोस् भजन ३७:७ "परमप्रभुको सामुन्ने मौन बस र धैर्यपूर्वक उहाँको प्रतीक्षा गर। मानिस आफ्ना कुमार्गमा फलिफाप हुंदा र त्यसले खराब युक्तिहरू कार्यान्वयन गर्दा तिमी झर्को नमान।", भजन ४६:१०-११ "१० "शान्त होओ, र म परमेश्वर हुँ भनी जान। जाति-जातिहरूमा म उचालिनेछु, पृथ्वीमा म उचालिनेछु।" ११ सर्वशक्तिमान् परमप्रभु हाम्रो साथमा हुनुहुन्छ, याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ।" र भजन ६२:१-८ "१ मेरो प्राणले परमेश्वरमा मात्र विश्राम पाउँदछ, उहाँबाट नै मेरो उद्धार आउँदछ। २ उहाँ मात्र मेरो चट्टान र मेरो उद्धारक हुनुहुन्छ, उहाँ मेरो किल्ला हुनुहुन्छ, म कहिल्यै डग्नेछैनँ। ३ एक जना मानिसमाथि कहिलेसम्म तिमीहरू आक्रमण गरिबस्छौ? ढल्न लागेको पर्खाल र कमजोर बारजस्तै भएको त्यस मानिसलाई के तिमीहरू सबै मिलेर ढाल्छौ? ४ त्यसको उच्च स्थानबाट त्यसलाई खसाल्नलाई तिनीहरूले दृढ़ विचार गरेका छन्। तिनीहरू असत्यतामा प्रसन्न रहन्छन्। तिनीहरू मुखले त आशीर्वाद दिन्छन्, तर मनमा तिनीहरू सराप्छन्। ५ हे मेरो प्राण, परमेश्वरमा मात्र विश्राम गर। मेरो आशा उहाँबाटै**

**आउँछ। ६ उहाँ मात्र मेरो चट्टान, मेरो उद्धारक र मेरो किल्ला हुनुहुन्छ। म डग्नेछैनँ। ७ मेरो उद्धार र मेरो इज्जत परमेश्वरमा आश्रित छ, मेरो शक्तिशाली चट्टान र मेरो शरणस्थान परमेश्वर नै हुनुहुन्छ। ८ हे मानिस हो, सब समय उहाँमा नै भरोसा गर, उहाँको सामुन्ने आफ्ना मन खोल, किनकि परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ।"**

तपाईंले कसैलाई मन पराउनुहुन्छ भने तपाईं त्यस प्रिय व्यक्तिसँग समय बिताउन चाहानुहुन्छ वा मनपराउनुहुन्छ। परमेश्वरलाई तपाईंले विश्वासमात्र होइन प्रेम पनि गर्नुहुन्छ भने उहाँसँग पनि समय बिताउन तपाईं रुचि देखाउनुहोस्। कुनै शान्त ठाउँ रोज्नुहोस् जहाँ परमेश्वरको वचन बिना रोकटोक पढ्न सक्नुहुन्छ र ती वचनले भनेका सन्देशहरूलाई ध्यान दिन सक्नुहोस्। हाम्रो व्यस्त जीवनमा हामीले परमेश्वरसँग बिताउने समय छुट्याउनै पर्छ अनि मात्र हाम्रो आत्मिक जीवन सफल हुन्छ। प्रायजसो दिन सुरू गर्नुभन्दा अघिको केही मिनेट नै परमेश्वरसँग शान्त हुनु र बाइबल पढेर ध्यान गर्नु सबभन्दा उत्तम समय हो। हामिले काम सुरू गर्नुभन्दा पहिले यसरी परमेश्वरसँग समय बिताउँदा हाम्रो पूरादिन नै आशिषमय हुनसक्छ किनभने जुन अत्यन्तै महत्त्वपूर्ण अमूल्य सोचहरू बिहान जब तपाईं राख्नुहुन्छ ती दिनभरी तपाईंको साथमा हुनेछन्। तर कुन समय तपाईंको निम्ति उपयुक्त छ सो समय निकाल्ने प्रयास गर्नुहोस् ताकि तपाईं परमेश्वरसँग कुनै वाधाअर्चनबिना शान्तसँग समय बिताउन सक्नुहोस् ।

प्रार्थनाद्वारा जीवित परमेश्वरसँग आफूलाई जोडि राख्दा र बाइबल अध्ययन गर्दा तपाईंको सम्पूर्ण जीवन नै फरक र अर्थमूलक हुनसक्छ जुन् अरू कुनै प्रयासबाट तपाईं प्राप्त गर्न सक्नुहुन्न। अनि बिस्तारै बिस्तारै तपाईंको जीवनले येशू ख्रीष्टलाई प्रतिबिम्ब गर्न सक्नुहुनेछ।

**परमेश्वरसँग गुणिलो समय बिताउन तपाईं कतिको सक्रिय हुनुहुन्छ? परमेश्वरको वास्तविकता र प्रेमलाई जान्न समयले तपाईंलाई कत्तिको सहयोग गरेको छ?**

## ५. कण्ठ गर्नु वा मनन् गर्नु

**"तपाईंको वचन मेरो हृदयमा लुकाइ वा सजाइ राखेको छु ताकि तपाईंको बिरुद्धमा म पाप नगरुँ" (भजन ११९:११ रूपान्तरित)।**

यदि हामीले बाइबलका अंशहरू कण्ठ गऱ्यौं भने त्यसले हामीमा विभिन्न आशिषहरू ल्याउन सक्छ। जब परमेश्वरका वचनका अमूल्य अंशहरू

वा पदहरू हाम्रो दिमागमा राख्न वा सम्झन सक्यौं भने हामीले मनमा राखेको कुरालाई व्यवहारमा पनि उतार्न सक्छौं र जुनसुकै नयाँ वा परिवर्तित परिस्थितिहरूको सामना  गर्न हामी सक्षम् हुन्छौं। यस प्रक्रियाले हाम्रो दिमाग, मनस्थिति वा सोच र निर्णयमा बाइबलले सिधै प्रभाव पार्न सक्छ। बाइबललाई कण्ठ गर्न सकियो भने हाम्रो दैनिक जीवन र अनुभवलाई जोशिलो, फुर्तिलो र अर्थमूलक बनाउन सक्छ। अझ यसले परमेश्वरको आराधना गर्न सहयोग गर्दछ र बाइबलले बताए अनुसार हामी जिउन सक्नेहुन्छौं।

बाइबलका वचनहरू कण्ठ गरेर याद गर्न सक्यौं भने हामी धोका दिने तत्व र गलत व्याख्याबाट अत्यन्तै सुरक्षित राहन सक्छौं। यदि बाइबललाई हृदयदेखि कण्ठ गर्न सक्यौं भने बाइबल नभएको समयमा पनि ती पदहरू भन्न सक्नेहुन्छौं। जब परीक्षा र प्रलोभनमा हामी पर्छौं तब त्यसले हामीलाई ठूलो शक्ति दिन सक्दछ। दैनिक जीवनमा हामीले अनेकौं प्रतिकुल वा हामीलाई मन नपर्ने चुनौतिहरूको सामना गर्नुपर्ने हुन्छ तर बाइबलका अमूल्य पदहरू याद गर्न सक्यौं भने ती चुनौतिहरूको बहादुरीताकासाथ सामना गर्न सक्नेहुन्छौं। समस्याहरू आइ पर्दा यदि परमेश्वरले दिनुभएका प्रतिज्ञाहरूलाई सम्झिन सक्यौं भने हाम्रो सोच परमेश्वरको वचनमा केन्द्रित गर्न सक्छौं नत्रभने हाम्रो समस्यामामात्रै हाम्रो दिमाग घुमिरहन सक्छ। याद गरेका प्रतिज्ञाहरूले हाम्रो सोचलाई परमेश्वरतिर उचाल्दछ। हामीलाई सहायता गर्ने उहाँसँग हजारौं बाटोहरू छन्। कतिपय समयमा जब हामी समस्यामा पर्छौं तब हाम्रो अगाडि हामी अन्धकार वा समाधान नहुने अन्धकारको पहाडमात्र देख्छौं तर उहाँले नै हामीलाई राहत दिनुहुन्छ। त्यसको लागि हामीले उहाँका वचनहरू हाम्रो हृदयमा सजाइ राख्नु जरुरी छ।

**हृदयमा र दिमागमा परमेश्वरको वचन राखिराख्दा र भजनलाई गुञ्जाइराख्दा परमेश्वरको वचनले हामीलाई शक्ति दिइरहन्छ र हाम्रो आस्थामा बलियो बनाइ रहन्छ भनेर देहायका केही पदहरूले उल्लेख गरेको छ। हेर्नुहोस्, एफिसी ५:१९,२० "१९ एउटाले अर्कासँग भजन, गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै २० सधैं सबै कुराका निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढ़ाओ।" र कलस्सी ३:१६ "ख्रीष्टको वचन तिमीहरूमा प्रशस्ततासँग वास गरोस्। पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ, र**

**परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ।"**

बाइबलका पदहरू गीतद्वारा कण्ठ गर्नु परमेश्वरको वचन हृदयमा बलियो गरिराख्नु हो। गीत गाउँदा बाइबलका पदहरू सजिलैसँग सम्झन सकिन्छ। मिठो धुनले परमेश्वरको वचन हृदयमा सजाइ राख्दा हाम्रो दिमागमा ती वचनहरूले जग बसालिरहेको हुन्छ र हामीलाई चिन्तासुर्ता लागेको बेलामा ती धुनहरूले परमेश्वरको वचनलाई याद दिलाउँछ र हाम्रो मन हलुका पार्दछ। परमेश्वरको वचनलाई कण्ठ गर्नु यो अत्यन्तै प्रभाकारी तरिका हो र दैनिक जीवनमा आइपरेका नरमाइला स्थितिहरूलाई त्यसले बिर्साइ दिन्छ। सरल तर मिठो धुनसँग बाइबलका पद वा अंशहरू ठूला साना सबैले गीत गाउँदै कण्ठ गर्न सक्छन्। विश्वका महान् तथा प्रख्यात संगीतज्ञहरूले बाइबलमा आधारित महान् संगितहरू बनाएका छन् जसले शताब्दीयौंदेखि धेरै मानिसहरूलाई प्रेरणा दिइरहेका छन्। संगीत र गीत इसाई संस्कारको एक अभिन्न अङ्ग हो। गीतले हाम्रो दिमागलाई उचाल्दछ र हाम्रा सोचहरू परमेश्वरतिर धकेल्छ। हाम्रो जीवनलाई सकारात्मक मोडमा लान र लगाइ राख्न परमेश्वरका वचनहरू प्रभावकारी माध्यम हुन्।

"स्वर्गमा परमेश्वरको आराधना गर्ने कार्यक्रमहरूमा संगित पनि एक महत्वपूर्ण भाग हो। सकेसम्म स्वर्गको संगितसँग तालमेल गरेर स्तुति प्रशंसा गर्ने प्रयास हामीले गर्नुपर्छ"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ५९४बाट रूपान्तरित।

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *स्टेप्स टु क्राइस्टको*** पृ. ९३-**१०४को "द प्रिभिलेज अभ प्रेयर" पढ्नुहोस्।**

"हाम्रो शारिरिक आँखाले येशूको सौन्दर्यता र मनोहरतालाई कहिल्यै पनि देख्न सक्दैन। हामी यथार्थमा कतिको निराश र असहाय छौं भनेर महसुस गराउन हाम्रो हृदयमा पवित्र आत्मा प्रजल्वित हुनै पर्छ वा उहाँलाई काम गर्न दिनैपर्छ। सबैको पाप बोक्नुहुने, क्षमा दिनुहुने र सबैमा सम्पूर्ण हुनुभएका येशूको दयालेमात्र उहाँको अनन्तको दया र करुणा, असिमित प्रेम, उदारता र परोपकारिता र महिमालाई ठम्याउन मानिसलाई सहयोग गर्न सक्छ।" एलेन जी ह्वाइट, *द अपवार्ड लुक,* पृ. १५५बाट रूपान्तरित।

"बाइबलका पद वा अंश वा पूरै अध्यायहरू कण्ठ गरिराख्न सक्दा अनेकौं जालमा फसाउन शैतान आउँदा त्यसलाई बाइबलका ती वचनहरूले परास्त गर्न सकिन्छ। जब मानिसलाई सांसारिक र शारीरिक उत्तेजना ल्याउने कुरामा शैतानले मानिसको दिमागमा खेल्छ तब "यसरी लेखिएको छ" भनेर बाइबलको वचन उच्चारण गर्नुपर्छ तब शैतानसँग प्रभाकारीरूपमा सामना गर्ने क्षमता पनि प्राप्त हुन्छ।"-एलेन जी ह्वाइट, एडभेन्ट रिभ्यु एण्ड साबथ हेराल्ड, अप्रिल ८, १८८४बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. **परमेश्वरप्रतिको विश्वास र उहाँका वचनहरू पालना गर्नका लागि हामीमा हुनुपर्ने विवेकको स्वतन्त्रताले कस्तो भूमिका खेल्दछ? परमेश्वरलाई विश्वास गर्ने आत्मनिर्णय प्रत्येक व्यक्तिको स्वतन्त्रता र अधिकार हो। हाम्रो जीवनको कतिपय पक्ष वा कुराहरू हाम्रो नियन्त्रणमा नहोला तर अनन्त जीवन पाउने कि नपाउने भन्ने मामिलामा निर्णय गर्ने अधिकार हाम्रै हातमा छोडिएको छ। परमेश्वरले तपाईंलाई दिनुभएको विवेकको स्वतन्त्रतालाई तपाईंले के गरिरहनुभएको छ? तपाईंले कस्तो खालको आत्मिक निर्णयहरू गरिरहनुभएको छ?**

आ. **परमेश्वरसँग मौन हुन वा शान्त भएर बस्न साबथले कस्तो भूमिका खेल्न सक्छ र खेल्न दिनुपर्छ? कामै काममा मात्र लागेर आफ्नो जीवनलाई घचेडिरहँदा परमेश्वरसँग बिताउनुपर्ने समय नै हामी पाउँदैनौं तर काममामात्र हराउने र परमेश्वरलाई वेवास्ता गर्ने परिस्थितिबाट हामीलाई साबथले कसरी सुरक्षित राख्न सक्छ? साबथ भनेको आत्मिक आशिषको निम्ति हो। तपाईंले साबथमा अझ बढी आशिष पाउन तपाईंले कसरी सिक्ने?**

इ. **प्रार्थना र बाइबल अध्ययन गरेर परमेश्वरसँग बिताउनुभएको कुनै पल वा समयको अनुभव तपाईंसँग छ? यस आत्मिक अभ्यासले तपाईंको आस्थमा कस्तो असर पारेको छ? वा कसरी असर पार्नुपर्दछ? तपाईंको अनुभववाट अरूले कसरी फाइदा लिन सक्छन्?**

ई. **तपाईंलाई मनपर्ने कुनै पदहरू छन्? त्यसमा तपाईंलाई मनपर्ने कुरा के छ? ती पदलाई कण्ठ गर्दा तपाईंलाई के फाइदा भएको छ?**

## कथा १३

## हवाइजहाज दुर्घटनाबाट जोगिनु

## आन्द्र्यु मेकचेसनी, एडभेन्टिस्ट मिसन

एक दिन ५३ वर्षको पियस कबादी टिसिम्बे एउटा सानो जहाजमा चढे। उनी डेमोक्राटिक रिपब्लिक कङ्गोको दुर्गम क्षेत्रमा रहेको उनले स्थापना गरेको चर्चमा जाँदै थिए। तर किनशासाको एयर कसाइले चलाएको रुसमा बनेको त्यो सानो जहाज कामाको हवाई मैदानबाट उड्ने बित्तिकै इन्जिनमा समस्या देखा पऱ्यो। त्यो जहाज आङ्गोलाको सिमानामा रहेको शिकापा क्षेत्रमा जादै थियो जुन् ९० माइल वा १५० किलोमिटर पर थियो। पाइलटले त्यो जहाज अवतरण गर्न खोज्दै थियो त्यो जहाज उड्ने उचाइबाट ढलमलिन पुग्यो र जहाजको कोठा धुवाँले भरियो। टिशिओम्बेले पाइलट आफ्नो ठाउँबाट बाहिर निस्केको देखे। अनि "पाइलटको पछि लाग" भन्ने आवाज उनमा आयो। टिशिओम्बे जुरुक्क उठे। पाइलटले जहाजको आपतकालिन ढोका खोले र हामफाले। अनि टिशिओम्बेपनि हामफाले। एक छिनमा त्यो जहाज झाडीमा ठोकिन पुग्यो र आगो लागेर पड्क्यो। यो दुर्घट्ना कामाको एयरपोर्टको केवल दुई माइल वा तिन किलोमिटर पर सन् २०१७को जुलाई २७मा भएको थियो। केवल टिशिओम्बे र पाइलट बाँचे अरू पाँच जना यात्रुहरूको मृत्यु भयो। उनकी श्रीमती निकोलले भनिन् "उनी केवल आफ्नो मोबाइलसँगमात्र बाँचे।" उनले आफ्नो श्रीमानको फोटोहरू उनको साथीले ह्वाटस्अपमा राखेकोले थाहा पाइन्। "उनको शिर र खुट्टामा चोट लागेको थियो तर उनका कुनै हड्डीहरू भाँचिएको थिएन" टिशिओम्बेकी श्रीमतीले भनिन्।

फोटोहरूमध्ये टिशिओम्बेले रक्ताम्य भएको कमिज लगाएको र हातमा मोबाइल बोकेको एउटा थियो। निकोलले आफ्नो श्रीमानसँग तीन दिनसम्म बोल्न पाएकी थिइनन्। तर जब टिशिओम्बेले फोनबाट बोले तब उनले परमेश्वरलाई धन्यवाद दिएर आफ्नी श्रीमतीसँग यसरी वोलेका थिए " परमेश्वरलाई म कहिल्यै पनि छोड्नेछैन। उहाँ अचम्मको हुनुहुन्छ।"

टिशिओम्बे १५ जना सदस्यहरू भएको सानो चर्चमा जान चाहेका थिए। त्यो चर्च काबुन्ग्युमा सुसमाचार प्रचारपछि खोलिएको थियो। उनले शुक्रबार नै उड्नुपरेको थियो किनकि उनले चाहेको उडान शनिबारमात्र

हुन्थ्यो। "तिनीहरूले उनलाई शनिबार उड्न सल्लाह दिएका थिए। तर साबथ भएकोले 'म उड्न सक्दिँन' भनेर उनले भनेका थिए। 'तपाईं जाने ठाउँमा केवल शनिवारमात्र जहाज उड्छ' तिनीहरूले भने। तर उनले भने 'त्यसो भए म अर्कै तरिकाबाट म जानुपर्ने ठाउँमा जान्छु' भनेर उनले भने" भनेर निकोलले भनिन्। टिशिओम्बेले (फोटोको दोस्रो पत्ति) एयरपोर्टबाट आफ्नी श्रीमतीलाई आफू अर्कै हवाइ जहाजबाट जाने भनेर फोन गरेका थिए। उनले काबुङ्ग्युमा अर्कै बाटो भएर पुग्ने आशा गरेका थिए। दुर्घटनामा जे भयो त्यसले गर्दा निकोलको मनमा धेरै प्रश्नहरू खडा भएको थियो। टिशिओम्बे र पाइलटमात्र किन बाँचे त्यो पनि उनले बुझ्न सकिनन्। टिशिओम्बेलको साबथमा नउड्ने निर्णयले त्यो घटना भएको हो कि भनेर निकोल प्रश्न गर्छिन्। तर भजन ९१:४मा लेखिएको प्रतिज्ञा अनुसार टिशिओम्बे मृत्युबाट उम्केका थिए भन्ने कुरामा उनी विश्वस्त छिन्। यसमा लेखिएको छ "किनभने उसले उसको प्रेम माथि राखेकोले म उसलाई उद्धार गर्नेछु" (रूपान्तरित)।

"परमेश्वरप्रति आस्थावान र निष्ठावान भएर चल्नुपर्छ किनकि उहाँले हामीलाई सधैं रक्षा गर्नुहुन्छ" निकोल सुनाउँछिन्।